# बूढानिलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ (३ नं. प्रदेश नेपाल)

(शिक्षा, युवा तथा खेलकुद शाखा)

प सः ०६५/०६६
चनं ९२२

मितिः- २०७५/०९/९

विषयः- अनुमति तथा कक्षा थप माग सम्बन्धी सूचना

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७६ देखी नयाँ अनुमति लिइ विद्यालय सञ्चालन गर्न इच्छुक ब्यक्ति, कम्पनि तथा संस्थाहरुले शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ (संसोधन सहित) तथा बूढानीलकण्ठ नगरपालिका शिक्षा व्यवस्थापन कार्यविधि २०७५ ले तोकेको शर्तबन्देज र समयभित्र तपसिल बमोजिमका कागजात सहित शिक्षा, युवा तथा खेलकुद शाखामा नयाँ विद्यालय सञ्चालनका लागि अनुमति माग निवेदन भए २०७५ साल पौष मसान्त भित्र र थप कक्षा अनुमति माग निवेदन भए २०७५ साल माघ मसान्तसम्म दर्ता गर्न गराउन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । समय भित्र दर्ता हुन नसकेका निवेदन उपर कुनै कारवाही नहुने ब्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ ।

<u>तपसिल</u>

१. शै.स. २०७५/२०७६ भित्र हाल अनुमति लिइ सञ्चालनमा रहेका संस्थाहरुको अभिलेखीकरण गर्नका साथै वडागत रुपमा उमेर समूहको
जनसङ्ख्याको अधारमा हाल सञ्चालित संस्थाहरुको अवस्था र अव आवश्यक पर्ने शैक्षिक संस्थाहरु तथा खोल्न सकिने स्थान समेत खुल्ने गरी
नक्साङ्कन गरिने भएकोले शै.स. २०७६ का लागि बालविकास केन्द्र/पूर्व प्रावि, कक्षा १ तथा कक्षा ९ नयाँ अनुमति नदिने तर आवश्यक पूर्वाधार र
तोकिएको विद्यार्थी संख्या पूरा गरेका सामुदियक विद्यालय, गुठीमा सञ्चालित सेवामुलक विद्यालय, धार्मिक प्रकृतिका र प्राविधिक धारका कक्षा
सञ्चालन गर्न चाहने विद्यालयलाई दिने भनी नगर शिक्षा समितिको मिति २०७५/८/२४ गतेको निर्णय भएको व्यहोरा सूचित गरिन्छ । शै स २०७५
का लागि निवेदन पेश गरेका तर हालसम्म नयाँ अनुमति/ कक्षा थप नभएका शैक्षिक संस्था एवम् व्यक्तिहरुले माथि उल्लेखित व्यहोरा अनुसार
निवेदन अध्यावधिक गर्न मिल्दो देखिएमा आवश्यक कागजात तथा पूर्वाधार पूरा भएको प्रमाणित कागजात राखी पुनः प्रक्रियामा जान निवेदन
दिनु पर्नेछ । अव उप्रान्त नयाँ विद्यालय गुठी विधान भन्दा बाहिर रही खोल्न नमिल्ने भएको हुँदा सोही अनुसार हुने व्यहोरा समेत सूचित गरिन्छ

२. कक्षा थपको हकमा अवश्यक पूर्वाधार र माग अनुमति गरेको कक्षा भन्दा तल्लो कक्षाको विद्यार्थी संख्या तथा नयाँ थप गर्ने कक्षाको अनुमानित
विद्यार्थी संख्या खुल्ने गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले तोकिएको समयमा तपसिलका कागजातहरु संलग्न राखी निवेदन पेश
गर्नु पर्नेछ ।

**३. नयाँ अनुमतिका लागि आवश्यक कागजातहरु**

३.१ दर्ता गर्ने निकायको दर्ता पत्र सहितको शैक्षिक गुठीको विधान तथा नियमावलीको प्रमाणित प्रतिलिपि (प्र.प. निस्सा सहित) ।

३.२ जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्षको लागि घर वा जग्गाधनीले बहाल दिने सम्वन्धी लालपूर्जा सहितको सम्झौतापत्र । अफ्नै घरजग्गा भए जग्गाको लालपूर्जाको प्रमाणित प्रतिलिपि ।

३.३ प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा ।

३.४ सम्बन्धित वडाको सक्कलै सहमति/सिफारिस पत्र ।

३.५ तल्लो कक्षा वा तहको अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

३.६ विद्यालय सञ्चालनका लागि आवश्यक खर्च व्हहोर्ने स्थायी स्रोत खुलेको विव्यस निर्णय सहित विद्यालयको पत्र ।

३.७ विद्यार्थीसँग लिने शुल्कको विवरण ।

३.८ सम्वन्धित तह/कक्षा चलेका नजिकका दुई विद्यालयका सहमति पत्र ।

३.९ विद्यालयले पठनपाठन गराउने पाठ्यक्रम विकास केन्द्रबाट सूचिकृत पाठ्यपुस्तक विवरण ।

३.१० प्रस्तावित शिक्षकको विवरण, निजहरुको नागरिकता, योग्यता तथा अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

३.११ विद्यालयमा कार्यरत हुने शिक्षक कर्मचारीको सेवा शर्त सम्वन्धी विनियमावलीको प्रमाणित प्रतिलिपि ।

३.१२ सस्थापकहरुको नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा वायोडाटा ।

३.१३ शिक्षा नियमावली २०५९ (संसोधन सहित) को अनुसूची ३ तथा नगरपालिकाको शिक्षा व्यवस्थापन कार्यविधि २०७५ को अनुसूची २ बमोजिमका पूर्वाधार पूरा भएको पुष्टी हुने कागजातहरु ।

३.१४ विव्यस निर्णयको प्रमाणित प्रतिलिपि ।

३.१५ विद्यालय सञ्चालन गर्न आवश्यक छ भनी प्रस्तावित विद्यालय रहने स्थानको चार किल्ला वरपर वसोबास गर्ने घरधुरीहरुको सर्जिमिन मुचुल्का

३.१६ शिक्षा व्यवस्थापन कार्यविधि २०७५ को बुँदा १०७ मा तोकिएको निवेदन दर्ता शुल्क आधारभूत तहको हकमा रु ५००।- र माध्यमिकको रु १०००।- नपाको हात्तीगौडा शाखामा रहेको प्रभु बैकको खाता नं १२४००२००९५२६२५००००१ मा जम्मा गरेको सक्कल भौचर ।

३.१७ सामुदायिक विद्यालयको हकमा कम्तिमा ३ वर्ष सम्म विद्यालयले नै सम्पूर्ण खर्च व्यवस्थापन गर्ने कार्यविवरण सहितको प्रस्तावना ।

तिलचन भण्डारी
उपसचिव

Scanned by CamScanner

बूढानीलकण्ठ नगरपालिका
शिक्षा शाखा
३ नं. प्रदेश, नेपाल

**४. कक्षा थपका लागि आवश्यक कागजातहरु**

४.१ दर्ता गर्ने निकायको दर्ता पत्र सहितको शैक्षिक गुठी/ कम्पनीको विधान तथा नियमावलीको प्रमाणित प्रतिलिपि (प्र.प. निस्सा सहित)

४.२ जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्षको लागि घर वा जग्गाधनीले बहाल दिने सम्वन्धी लालपुर्जा सहितको सम्झौतापत्र । अफ्नै घरजग्गा भए जग्गाको लालपुर्जाको प्रमाणित प्रतिलिपि ।

४.३ प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा ।

४.४ सम्बन्धित वडाको सक्कलै सहमति/सिफारिस पत्र ।

४.५ तल्लो कक्षा वा तहको अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

४.६ विद्यालय सञ्चालनका लागि आवश्यक खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको विव्यस निर्णय सहित विद्यालयको पत्र ।

४.७ विद्यार्थीसँग लिने शुल्कको विवरण ।

४.८ सम्वन्धित तह/कक्षा चलेका नजिकका दुई विद्यालयका सहमति पत्र ।

४.९ विद्यालयले पठनपाठन गराउने पाठ्यक्रम विकास केन्द्रबाट सूचिकृत पाठ्यपुस्तक विवरण ।

४.१० प्रस्तावित शिक्षकको विवरण, निजहरुको नागरिकता, योग्यता तथा अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।

४.११ विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको सेवा शर्त सम्वन्धी विनियमावलीको प्रमाणित प्रतिलिपि ।

४.१२ सस्थापकहरुको नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा वायोडाटा ।

४.१३ आयकर दर्ता स्थायी लेखा नं. र कर तिरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।

४.१४ शिक्षा नियमावली २०५९ (संसोधन सहित) को अनुसूची ३ तथा नगरपालिकाको शिक्षा व्यवस्थापन कार्यविधि २०७५ को अनुसूची २ बमोजिमका पूर्वाधार पूरा भएको पुष्टी हुने कागजातहरु ।

४.१५ विव्यस निर्णयको प्रमाणित प्रतिलिपि ।

४.१६ समयमा EMIS अपलोड गरेको प्रमाण ।

४.१७ शिक्षा व्यवस्थापन कार्यविधि २०७५ को बुँदा १०७ मा तोकिएको निवेदन दर्ता शुल्क आधारभूत तहको हकमा रु ५००।- र माध्यमिकको रु १०००।- नपाको हात्तीगौडा शाखामा रहेको प्रभु बैकको खाता नं १२४००२००९५२६२५००००01 मा जम्मा गरेको सक्कल भौचर ।

४.१८ सामुदायिक विद्यालयको हकमा कम्तिमा ३ वर्ष सम्म विद्यालयले नै सम्पूर्ण खर्च व्यवस्थापन गर्ने कार्यविवरण सहितको प्रस्तावना ।

५. अनुमति/ कक्षा थपका लागि आवश्यक विद्यार्थी संख्या नपा शिक्षा व्यवस्थापन कार्यविधि २०७५ बमोजिम तथा सोमा उल्लेख नभएमा शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ (संसोधन सहित) तथा संस्थागत विद्यालय मापदण्ड २०६९ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. विद्यार्थी संख्याको आधिकारिक विवरण २०७५ पुस मसान्तसम्म EMIS अपलोड गरिसकेका विद्यालयको शिक्षा युवा तथा खेलकुद शाखाबाट प्रमाणित तथ्याङ्को आधारमा मात्र निवेदन दर्ता गरिनेछ । सो अवधिसम्म EMIS अपलोड नगर्ने विद्यालयको निवेदन दर्ता हुने छैन ।

**७. स्थान परिवर्तन सम्वन्धमा**

नगर शिक्षा समितिको मिति २०७५/८/२४ को निर्णयानुसार बैठकको मिति भन्दा अघि प्रक्रियामा आएका बाहेक अन्य विद्यालयले यस नगरपालिका भन्दा बाहिरबाट यस नपामा स्थान परिवर्नन भई आउन अनुमति नदिने तथा नगरपालिका भित्र सञ्चालनमा रहेका र एक वडा बाट अर्को वडामा स्थान परिवर्तन गर्न चाहने विद्यालयलाई आवश्यकता र औचित्यका आधारमा अनुमति दिने साथै स्थान परिवर्तनको लागि नपा शिक्षा, युवा तथा खेलकुद शाखाको स्वीकृति पछि मात्र स्थानान्तरण सम्वन्धी पूर्व तयारी गर्नु पर्ने निर्णय भएकोले उपरोक्त प्रक्रिया पुरा गर्ने विद्यालयले आगामी शैक्षिक सत्रका लागि देहायका कागजात सहित २०७५ माघ मसान्त भित्र निवेदन पेश गर्न सूचित गरिन्छ । सो समयसम्म अवश्यक प्रक्रिया पुरा गरी निवेदन पेश नगर्ने विद्यालयहरुको आगामी शैसमा स्थान परिवर्तन नगरिने व्यहोरा समेत सूचित गरिन्छ ।

७.१ आउने तथा छाड्ने वडाको सहमति/सिफारिस पत्र ।

७.२ सम्वन्धित तह/कक्षा चलेका नजिकका दुई विद्यालयका सहमति पत्र ।

७.३ समयमा EMIS अपलोड गरेको प्रमाण ।

७.४ दर्ता गर्ने निकायको दर्ता पत्र सहितको शैक्षिक गुठी/ कम्पनीको विधान तथा नियमावलीको प्रमाणित प्रतिलिपि (प्र.प. निस्सा सहित)

७.५ जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्षसम्मको लागि घर वा जग्गाधनीले बहाल दिने सम्वन्धी लालपुर्जा सहितको सम्झौतापत्र । अफ्नै घरजग्गा भए जग्गाको लालपुर्जाको प्रमाणित प्रतिलिपि ।

७.६ विव्यस निर्णयको प्रमाणित प्रतिलिपि ।

७.७ विद्यालय सार्न आवश्यक छ भनि प्रस्तावित विद्यालय रहने स्थानको चार किल्ला वरपर वसोबास गर्ने घरधुरीहरुको सर्जिमिन मुचुल्का

७.८ शिक्षा व्यवस्थापन कार्यविधि २०७५ को बुँदा १०७ मा तोकिएको निवेदन दर्ता शुल्क आधारभूत तहको हकमा रु ५०० र माध्यमिकको रु १००० नपाको हात्तीगौडा शाखामा रहेको प्रभु बैकको खाता नं १२४००२००९५२६२५००००01 मा जम्मा गरेको सक्कल भौचर ।

७.९ अन्य आवश्यक कागजातको प्रमाणित प्रतिलिपी ।

बोधार्थ

श्री सबै वडा कार्यालयहरु

बूढानिलकण्ठ नगरपालिका काठमाण्डौ । (आवश्यक कार्यार्थ तथा सूचना संप्रेषणका लागि)

०७५/८/११

तिलचन भण्डारी
प्रमुखसचिव

नोटः यो सूचना बुढानिलकण्ठ नपाको वेभसाइट budhanilkanthamun.gov.np तथा शिक्षा, युवा तथा खेलकुद शाखाको फेसबुक पेजमा समेत हेर्न सकिनेछ ।

Scanned by CamScanner